राष्ट्रिय समाचार समिति
National News Agency
Central Office

च.नं. ०४/०६८/६९

मिति: २०७८।०४।०५

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सिंहदरबार, काठमाडौं ।**

विषय : **स्वत: प्रकाशन व्यवस्था सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सो को नियमावलीको नियम (३) बमोजिम सबै सार्वजनिक निकायहरूले प्रत्येक तीन/तीन महिनामा सम्पादन गरका कार्यहरूको प्रगति विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएबमोजिम राससमा मिति २०७८ साल वैशाख, जेठ र असार महिनामा देहायबमोजिमको कार्यसम्पादन भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

(उत्तम सिल्वाल)
सूचना अधिकारी

Tele: 4262736, 4262724, 4262628, 4262550, 4262539 P.O. Box : 220, Singhadurbar Plaza, Kathmandu, Nepal
Web: rssnepal.org.np, E-mail: rssmail@rss.com.np, rssrssadm@gmail.com

# राष्ट्रिय समाचार समिति (रासस)

१. **समाचार, फोटो तथा अडियो सामग्री सम्प्रेषणको विवरण**

| क्र.सं. | महिना | नेपाली समाचार | अंग्रेजी समाचार | अन्तर्राष्ट्रिय समाचार | फोटो | अडियो | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | वैशाख | २४७८ | ७२३ | २९६ | १८२७ | १५१ | |
| २. | जेठ | २६४० | ८१६ | ३०४ | १९७८ | १९५ | |
| ३. | असार | २६०५ | ८२७ | २८९ | १९१६ | १९८ | |
| | जम्मा | ७७२३ | २३६६ | ८८९ | ५७२१ | ५४४ | |

२. **कोरोना सङ्क्रमणका बाबजुद् निर्वाधरूपमा समाचार सेवा सम्प्रेषण गरेको ।**
कोरोना भाइरस अर्थात् कोभिड-१९ को विश्वव्यापी महामारीसँगै नेपालमा पनि यो रोगको महामारीको सन्त्रास कायमै रहेको विषम अवस्थामा कार्यसम्पादनका क्रममा कार्यालयमा खटिने राससकर्मीलाई सामान्य ढङ्गको खाना/नास्ताको व्यवस्था गरी समाचार, फोँटो तथा अडियो सम्प्रेण गरेको, समग्रमा अतिआवश्यकीय सेवाबाहेकका गतिविधि सञ्चालन हुननसकिरहेको अवस्थामा पनि राज्यद्वारा सञ्चालित जिम्मेवार समाचार संस्था (रासस)ले यसअघिका सामान्य दिनहरूमा भन्दा अझ बढी समाचार, फोटो तथा अडियो सङ्कलन, सम्पादन तथा सम्प्रेषण गर्नुपर्ने दायित्व बोध गरी सोहीबमोजिम समाचार, फोटो तथा अडियो सम्प्रेषण गरेको । अत्यन्त प्रतिकूल परिस्थितिका बावजुद् अविच्छिन्नरूपमा सम्प्रेषित समाचार, फोटो तथा अडियो सेवा राससका सेवाग्राहीले प्रयोग गरेको । राससको समाचार सेवाबाट विशेष गरी बन्द हुने अवस्थामा पुगेका साना तथा मझौला लगानीका र मोफसलका आमसञ्चार माध्यमले निरन्तरता पाएको । कोरोनाको सङ्क्रमणबाट २५ जना राससकर्मी प्रत्यक्षरुपमा प्रभावित हुनपुगेको यस अवधिमा पनि समाचार, फोटो तथा अडियो सङ्कलन, सम्पादन तथा सम्प्रेषण कार्यलाई प्राथमिकता दिई प्राप्त जिम्मेवारी पूरा गर्न सफल भएको ।

३. कोरोना भाइरस सङ्क्रमणका बाबजुद् समाचार सेवाअन्तर्गतका प्रमुख तथा जिम्मेवार अधिकृतसमेतको संलग्नतामा रासस समाचार सेवाको गुणस्तर अभिवृद्धिसम्बन्धी निर्देशिका जारी भई कार्यान्वयन चरणमा गएकाले त्यसको केही लक्षणसहित अब खोजमूलक तथा आलेख समाचारले प्राथमिकता पाउने भएको ।

४. सुदूरपश्चिम प्रदेश सरकारको सहयोगमा रासस भीमदत्तनगरको नयाँभवन निर्माण प्रक्रियाअन्तर्गत एकतलाको काम पूरा भएको । बहुवर्षीय योजनाअन्तर्गत निर्माणाधीन सो भवनको बाँकी काम सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०७८।७९ को

विनियोजित बजेटबाट पूरा हुने सुनिश्चित भएको । सो भवन निर्माणका लागि सुदूरपश्चिम सरकारबाट आर्थिक वर्ष २०७८।०७९ मा रु. ३० लाख बजेट विनियोजन भएको ।

५ राष्ट्रिय पुनःनिर्माण प्राधिकरण, केन्द्रीय आयोजना कार्यान्वयन इकाइ, बबरमहलको समयावधि आगामी कात्तिकमा समाप्त हुने भएकाले सोही अवधिभित्र सक्नेगरी भवन निर्माणको जिम्मेवारी पाएको श्री शिद्धबाबा निर्माण कम्पनीले भद्रकाली/काठमाडौंस्थित रासस केन्द्रीय कार्यालयको निर्माणाधीन प्रशासनिक भवनको काम सक्ने गरी श्रमिक तथा मेसिन प्रयोग गरिरहेको । कोरोना सङ्क्रमणका बावजुद् भवन निर्माणस्थलमा कामदार राखी तीव्ररुपमा निर्माण कार्य भइरहेको ।

६. केन्द्रीय कार्यालयसहित प्रदेश तथा अन्य कार्यालयका समाचारदाता तथा फोटोपत्रकारका लागि अत्यावश्यक क्यामेरा, ल्यापटप र डेस्कटप कम्प्युटरलगायतका सञ्चार उपकरण खरिद गरेको ।

७. विराटनगर महानगरपालिकाको सहयोगमा रासस प्रदेश नं. १ कार्यालय भवन मर्मतसम्भार तथा रङरोगन भएको ।

८. आर्थिक वर्ष २०७८/०७९ का लागि राससको योजना तथा कार्यक्रम तयार गरी स्वीकृत गरेको । राससले आर्थिक वर्ष २०७८/०७९ मा आफ्नो समाचार सेवाको गुणस्तर अभिवृद्धि गर्ने, भिडियो सेवा सञ्चालन गर्ने र सेवाग्राही विस्तार गर्ने कामलाई उच्च प्राथमिकता दिएको । यसैगरी ३०/४० वर्षदेखि मर्मतसम्भारको अभावमा जीर्ण अवस्थामा पुगेका प्रदेश तथा जिल्ला तहका पुराना कार्यालय भवनको मर्मतसम्भार गर्ने र व्यावसायिक प्रयोजनका दृष्टिले सम्भाव्य स्थानमा रहेका जग्गामा सटर/कम्प्लेक्स निर्माण गर्ने कामलाई निरन्तरता दिने कार्यक्रम रहेको ।

९. नेपाल सरकारबाट आर्थिक वर्ष २०७८/०७९ मा राससलाई रु. १३ करोड ३९ लाख बजेट विनियोजन भएको । पूँजीगततर्फ पुराना कार्यालय भवनको मर्मतसम्भारका लागि जम्मा रु. ५० लाख, आर्काइभ शीर्षकअन्तर्गत रु. ५० लाख र भिडियो सञ्चालनका लागि रु. ५० लाख अनुदान सहयोग प्राप्त भएको । बहुवर्षीय योजनाअन्तर्गत पोखरास्थित रासस गण्डकी प्रदेश भवन निर्माणका लागि पनि रु. ५० लाख विनियोजन भएको ।

१०. रासस गण्डकी प्रदेश कार्यालय भवन निर्माण प्रक्रियाअन्तर्गत नक्सा, डिजाइन र लागत इस्टिमेट तयार गर्ने काम अन्तिम चरणमा पुगेको । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको निर्देशनसहित रासस आर्थिक विनियमावली, २०६४ बमोजिम रासस गण्डकी प्रदेश कार्यालय भवन निर्माण प्रक्रियाअन्तर्गत टेण्डर आह्वान गर्ने कार्यक्रम रहेको ।